# नेपाली महावाणिज्यदूतावास
# डालस
## Consulate General of Nepal
## Dallas

**हुण्डी कारोबार निरुत्साहित गर्न सहयोग गर्ने सम्बन्धी सूचना ।**

अन्तरार्ष्ट्रियस्तरमा रकम ट्रान्सफरको कारोबार गर्न इजाजतप्राप्त संस्थामार्फतबाहेक अन्य अनौपचारिक च्यानल वा माध्यमबाट गरिने विप्रेषण कारोबार (हुण्डी) एक गैरकानूनी कार्य हो । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण (Anti-Money Laundering and Countering the Financing of Terrorism) विश्वको सामूहिक प्राथमिकताको विषय रहेको तथा हुण्डी कारोबारले यसलाई प्रत्यक्ष चुनौती दिने सन्दर्भमा संसारभरका मुलुकहरूले यस्तो कार्यलाई निरुत्साहित गर्न विशेष निगरानी एवं कार्यवाही गर्दै आएका छन् ।

अनौपचारिक च्यानल वा माध्यमको प्रयोग गरी नेपालतर्फ र नेपालबाट विदेशतर्फ विप्रेषण कारोबार हुन नदिनु नेपाल सरकारको अन्तर्राष्ट्रिय दायित्व रही आएको छ । अनौपचारिक विप्रेषण कारोबारलाई यथोचित सम्बोधन नगर्दा अन्तर्राष्ट्रिय निकाय एवम् समुदायको निगरानीमा पर्न गई मुलुकको साखमा दुष्प्रभाव पर्ने एवं अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा चुनौती सिर्जना भई मुलुकको अर्थतन्त्रमा नै नकारात्मक असर पर्न जान्छ ।

यसरी इजाजतप्राप्त संस्थामार्फतबाहेक अन्य अनौपचारिक च्यानल वा माध्यमबाट गरिने विप्रेषण कारोबार (हुण्डी) नेपाल र संयुक्त राज्य अमेरिका दुवै मुलुकमा गैरकानूनी रहेको सन्दर्भमा अमेरिकामा रहनु हुने नेपाली व्यक्ति वा संस्थाले नेपालमा रकम पठाउँदा वा नेपालबाट रकम ल्याउँदा औपचारिक माध्यम (इजाजतप्राप्त संस्था / बैंकिङ्ग च्यानल) को मात्र प्रयोग गर्नु/गराउनु हुन अनुरोध गरिन्छ ।

साथै, कुनै व्यक्ति वा संस्थाले अनौपचारिक च्यानल वा माध्यमको प्रयोग गरी विप्रेषण कारोबार (हुण्डी) गरेको सूचना/जानकारी आफूसँग भए त्यस्तो कार्य गर्ने/गराउने व्यक्ति वा संस्थाको विवरण यस महावाणिज्यदूतावासको देहायको इमेल ठेगानामा पठाई हुण्डी कारोबारलाई निरूत्साहित गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुन सम्पूर्ण नेपाली समुदायसमक्ष अनुरोध छ ।

**सूचना/जानकारी पठाउने इमेल ठेगानाः dcg@nepalconsulatedallas.org**

हुण्डी कारोबारसँग सम्बन्धित सूचना/जानकारी/विवरण उपलब्ध गराउने व्यक्तिको विवरण गोप्य राखिने छ।

धन्यवाद ।

**नेपाली महावाणिज्यदूतावास**
**डालस**
मितिः २०८२/०९/०३ ।